# महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग/असक्त एवं एकल महिला लक्षित कार्यक्रम सञ्चालन कार्यविधि – २०७४

आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक लगायत समग्र विकासको मूलप्रवाहबाट पछि परेका र कतिपय सन्दर्भमा पछि पारिएका यस डुडुवा गाउँपालिकाका महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग/असक्त, एकल महिला लगायत पिछडिएको वर्ग समुदायलाई विकासको मूलप्रवाहमा समाहित गर्न र सशक्तिकरण तथा आयआर्जनका कार्यक्रम मार्फत उनीहरुको जीवनमा सकारात्मक परिर्वतन ल्याउन सम्बन्धित सरोकारवाला सँग समन्वय र सहकार्य गरि अगाडि बढ्नको लागि डुडुवा गाउँपालिकाले यो ***महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग/असक्त एवं एकल महिला लक्षित कार्यक्रम सञ्चालन कार्यविधि – २०७४*** तयार गरेको हो ।

१. डुडुवा गाउँपालिका अर्न्तगतका महिला, बालबालिका, जेष्ठ नागरिक, आपाङ्ग/असक्त एवं एकल महिला लगायतका कार्यक्रमहरुलाई एकिकृत तथा सूचारु रुपमा संचालन गर्नका लागि गाँउपालिकामा एक कार्य संचालन तथा व्यवस्थापन र अनुगमन समिति गठन गरिनेछ ।

२. डुडुवा गाउँपालिकामा महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग असक्त र एकल महिला कार्यक्रम संचालन व्यवस्थापन तथा अनुगमन समितिमा देहाय बमोजिम पदाधिकारीहरु रहनेछन् ।

१. गाउँपालिका अध्यक्ष - अध्यक्ष

२. गाउँपालिका उपाध्यक्ष - सदस्य

३. गाउँपालिका सदस्यहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एकजना प्रतिनिधि महिला प्रतिनिधि - सदस्य

४. गाउँपालिकाको अध्यक्षले मनोनित गरेको गाउँ कार्यपालिकाको सामाजिक विकास समितिको प्रतिनिधि एकजना जना - सदस्य

५. महिला विकास शाखा प्रमुख - सदस्य सचिव

**३. दफा (२) बमोजिम गठित समितिको पदावधि ५ वर्ष हुनेछ ।**

**४. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग असक्त, तथा एकल महिला कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा अनुगमन समितिको काम कर्तब्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।**

क) गाउँपालिका क्षेत्र भित्रको सामाजिक विकास कार्यक्रमहरुको समन्वय, सहजिकरण र अनुगमन गर्ने ।

ख) गाउँपालिका अन्तर्गत महिला तथा बालबालिका शाखाबाट संचालित विविध कार्यक्रमहरु र सो अर्न्तगतका, समूह, समिति र संस्थाहरुको अनुगमन / निरिक्षण गर्ने ।

ग) गाउँपालिका अन्तर्गत महिला, बालबालिका जेष्ठ नागरिक अपाङ्गता र एकल महिलाहरुको सूचना तथा अभिलेख राख्ने र राख्न लगाउने ।

घ) सञ्चालित कार्यक्रमद्वारा अपेक्षित नतिजा हासिल गर्न सकिए, नसकिएको हेर्ने र कार्यान्वयनका क्रममा आइपरेका समास्या समाधान गर्न अग्रसर रहने ।

ङ) प्रभावकारी कार्यक्रम सञ्चालन गर्न अति आवश्यक पर्ने भएमा कर्मचारीको आवश्यकता अनुसार करारमा नियुक्त गर्न सक्ने ।

च) महिला, बालबालिका, जेष्ठ नागरिक अपाङ्गता र एकल महिलाहरु साथै पिछडिएको वर्गको हक हित र उत्थानको कार्यक्रमलाइ प्रभावकारी रुपमा सञ्चालन गर्न सरोकारवाला पक्षहरु सँग समन्वय र सहकार्य गर्ने ।

छ) कार्यक्रममा दोहोरोपन आउन नदिन अन्य सरकारी तथा गैरसरकारी संघ संस्था तथा निकाय समन्वय,सहकार्य र अनुगमन गर्ने ।

ज) परिणाममूखि सेवा प्रवाहलाई जोड दिने गरि सामाजिक विकास कार्यक्रम सञ्चालन गर्ने ।

झ) उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई प्रोत्सहित र खराब आचरण भएका कर्मचारीलाइ दण्ड गर्ने ।

## ५. कर्मचारी व्यवस्थापनः

डुडुवा गाउँपालिकामा सामाजिक विकासका कार्यक्रमहरु सुचारु सञ्चालन  गर्न देहाय बमोजिम आवश्यक कर्मचारीहरु रहनेछन् ।

क) डुडुवा गाउँपालिकाको ६ वटै वडामा एक/एक जना सामाजिक परिचालिक नियुक्त गर्ने र उनीहरुको सेवा सुविधा समितिले तोके बमोजिम हुनेछ ।

ग) सामाजिक परिचालकहरुको सेवा  करार सम्झौता ६/६ महिनामा समितिको सिफारिसमा अद्यावधिक गरिने छ ।

## ६. महिला तथा लक्षित विकास कार्यक्रम संचालनः

डुडुवा गाउँपालिकामा महिला, बालबालिका, जेष्ठ नागरिक, आपाङ्ग/असक्त एवं एकल महिलाको आय आर्जन, सशक्तिकरण, विकास र उत्थानका लागि देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

क) आर्थिक, सामाजिक, सांस्कृतिक एवं राजनीतिक रुपमा पिछडिएका डुडुवा गाउँपालिकाका विपन्न महिला, बालबालिका, जेष्ठ नागरिक, आपाङ्ग/असक्त एवं एकल महिलाहरुको विकासका लागि चरणबद्धरुपमा आय आर्जन, क्षमता विकास एवं सामाजिक परिचालनका माध्यमबाट स्थानीय स्तरमा महिलाहरुका सक्षमता र आत्मनिर्भर विकास गरिने छ ।

ख) डुडुवा गाउँपालिकाका महिला, बालबालिका, जेष्ठ नागरिक, आपाङ्ग/असक्त एवं एकल महिलाहरुलाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा अभिवृदि गर्ने र सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्न योग्य बनाउने ।

ग) सामाजिक कुरिती र महिला विरुद्धका हिंसा तथा अपराध विरुद्धमा संगठित भै सामाजिक जागरण गराउने कार्यमा पुरुष वर्गलाई समेत समावेश गरी कार्यक्रम संचालन गरिने ।

घ) डुडुवा गाउँपालिकामा महिलाहरुलाई सुरक्षित मातृत्व प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रम संचालन गर्न गरिने ।

ङ) महिला तथा बालबालिकाहरुलाई हिंसा र शोषण विरुद्ध सजग रहन र त्यसको प्रतिकार गर्न समुहमा आवद्ध गर्ने, शसक्तिकरण गर्ने, सीप र क्षमता प्रदान गरिने ।

च) चेलीबेटी बेचविखन, देह व्यापार तथा घरेलु हिंसा नियन्त्रण गर्न सामाजिक जागरण कार्यक्रमहरु संचालन गर्ने र संचालन गर्ने ।

छ) स्थानीय स्तरमा अनौपचारिक कार्य सञ्जाल समुह गठन गरि वडा स्तरबाटै समस्याको समाधान गर्न सक्ने वातावरणको विकास गर्ने सक्ने ।

ज) असाह्य तथा हिंसामा परेका महिलाहरुलाई राहतका लागि सेल्टरको व्यवस्था गर्ने ।

झ) हिंसामा परेका पिडित महिला तथा बालबालिकाहरु उद्दार राहत कोष  खडा गर्न सकिने ।

ञ) महिला दलित, जनजाती, अपाङ्ग लगायत सिमान्तकृत समुदायलाई आय आर्जन, तथा शिपमुलक कार्यक्रम संचालन गर्न गरिने ।

ट) अपाङ्ग, असाह्य, जेष्ठ नागरिक लगायतको अभिलेख राख्ने र उनीहरुको सहजताका लागि सशक्तिकरणका साथै कल्याणकारी कार्यक्रमहरु सञ्चालन गर्ने ।

ठ) डुडुवा गा.पा. मा रहेका अनाथ, टुहुरा, असहाय बालबालिकाहरुलाई पुनर्स्थापन गर्नलाई बालगृह संचालन गर्न सकिने ।

ड) डुडुवा गा.पा. मा रहेका सम्पूर्ण अपाङ्गताको अभिलेख राख्ने ।

ढ) अपाङ्गता परिचयपत्र अनुसार क, ख, ग र घ वर्ग मध्य क र ख वर्गले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकोमा ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिलाई पनि सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने ।

ण) अपाङ्गता भएका व्यक्तिहरुलाई आय आर्जन, क्षमता विकास तथा सिपमूलक कार्यक्रम संचालन गर्न गरिने ।

त) असक्त, अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार सहायक सामग्रीहरु व्हील चेयर, वैसाखी, सेतो छडि लगायतका सामाग्रीहरु वितरण गरिने ।

थ) ज्ञान, शिप र क्षमता विकासको लागि अवलोकन भ्रमण गरिने छ ।

द) आवश्यकता अनुसार कर्मचारीहरुलाई क्षमता विकास कार्यक्रममा सहभागी गराइने छ ।

ध) मासिक, चौमासिक, वार्षिक प्रगती प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने ।

न) महिला तथा लक्षित विकासका कार्यक्रमहरु संचालन गर्दा समितिको निर्णय अनुसार संचालन गरिने छ ।

**११. विविध :**

क) यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै बमोजिम हुनेछन् र यस कार्य विधिमा उल्लेख नभएका हदसम्म गाउँ कार्यपालिकाको वैठकले निर्णय गरे बमोजिम हुनेछ ।

ख) यो कार्य विधि बमोजिम काम कारवाही गर्दा वाधा अडकाउ परेमा गाउँकार्यपालिका अध्यक्षले बाधा अडकाउ फूकाउन सक्नेछ ।